राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको)

बुद्धनगर, काठमाण्डौं ।

राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेडको नवौं वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट सञ्चालक समितिको अध्यक्षद्धारा प्रस्तुत कम्पनीको आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन

विषय-सूचीः

१. कम्पनीको संक्षिप्त परिचयः १

१.१. संस्थागत पृष्ठभूमिः १

१.२. कम्पनीको सोच, गन्तव्य, उद्देश्य र मूल्य/मान्यताहरुः २

(क) सोच (Vision)ः २

(ख) गन्तव्य (Mission)ः २

(ग) उद्देश्य (Objectives)ः २

(घ) मूल्य/ मान्यताहरु (Core Values)ः ३

१.३. कम्पनीको पुंजीगत संरचनाः ३

१.४. पुँजीगत शेयर स्वामित्वः ३

२. आर्थिक वर्ष २०८०/८१ को कारोबारको सिंहावलोकनः ४

२.१. सम्पत्ति तथा दायित्वः ४

२.२. कम्पनीको वित्तीय अवस्था र हाल सम्मको खर्चः ५

२.३. व्यवस्थापन खर्चको अवस्थाः ५

२.४. पूँजीगत खर्चको अवस्थाः ५

३. कम्पनीको स्वीकृत प्राप्त आयोजनाहरुको संक्षिप्त जानकारी तथा हालसम्मको प्रगतिः ५

४. जनशक्ति व्यवस्थापनः ११

५. संस्थागत विकास तथा सुशासनः १२

६. आन्तरिक नियन्त्रण प्रणालीः १२

६.१. लेखापरीक्षण समितिः १३

६.२. कम्पनीको लेखाः १३

६.३. लेखापरीक्षकः १३

७. लेखापरीक्षण प्रतिवेदन उपर सञ्चालक समितिको प्रतिक्रियाः १४

८. कम्पनीको औद्योगिक वा व्यावसायिक सम्बन्धः १४

९. अन्य कम्पनीमा गरिएको शेयर लगानीः १४

१०. संस्थागत सामाजिक उत्तरदायित्वः १४

११. सञ्चालक समिति र सोमा भएको हेरफेरः १५

११.१. बर्तमान सञ्चालक समितिः १५

११.२. सञ्चालक समितिमा भएको परिवर्तनः..... १५
११.३. सञ्चालक तथा पदाधिकारीहरुलाई भुक्तानी गरिएको बैठक भत्ता तथा सुविधाः..... १७
१२. कम्पनीको भावी योजनाहरुः..... १७
१३. कम्पनीको प्रमुख समस्या तथा चुनौतीहरुः..... १८
१४. सञ्चालक समितिको मान्यताः..... १८
१५. धन्यवाद ज्ञापनः..... १९

सञ्चालक समितिको तर्फबाट सञ्चालक समितिको अध्यक्षद्वारा प्रस्तुत

कम्पनीको आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन

आदरणीय शेयरधनी महानुभावहरु,

राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेडको नवौं वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट तथा मेरो व्यक्तिगत तर्फबाट यस वार्षिक साधारण सभामा संस्थागत प्रतिनिधित्व गरी उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरु, सञ्चालक समितिका सदस्यहरु, लेखापरीक्षण समितिका अध्यक्ष तथा सदस्यहरु, लेखापरीक्षक, कम्पनीका कर्मचारीहरु, आमन्त्रित व्यक्तित्वहरु र यस सभामा उपस्थित सम्पूर्णलाई हार्दिक स्वागत तथा अभिवादन व्यक्त गर्दछु । राष्ट्रिय प्रसारण ग्रिड कम्पनीको सञ्चालक समितिको तर्फबाट यहाँहरु समक्ष सञ्चालक समितिको आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन तथा कम्पनीको कार्यक्रमहरुको समीक्षा तथा भावी कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१. कम्पनीको संक्षिप्त परिचयः

१.१. संस्थागत पृष्ठभूमिः

विद्युत ऊर्जाको समुचित विकासको लागि विद्यमान विद्युत प्रणालीलाई खण्डिकरण र पूनर्संरचना गर्ने नेपाल सरकारको अवधारणा अनुसार प्रसारण प्रणालीको नेतृत्व गर्ने राष्ट्रिय निकायको रुपमा यो कम्पनी मिति २०७२ साल आषाढ २७ गते कम्पनी ऐन, २०६३ अनुसार स्थापना भएको हो ।सोही अनुरुप नेपालमा विद्युत शक्तिको प्रसारण लगायत भार सम्प्रेषण गर्ने कार्यका लागि आवश्यक विभिन्न भोल्टेज स्तर तथा प्रसारण-क्षमताका प्रसारण लाइन, सबस्टेशन तथा अन्य आवश्यक संरचनाको निर्माण, विस्तार, आधुनिकीकरण र मर्मत सम्भार गरी प्रसारण प्रणालीको सुरक्षित एवं भरपर्दो सञ्चालन गर्ने कम्पनीको मुख्य कार्य रहेको छ । नेपाल सरकारको पन्ध्रौं पञ्च वर्षीय योजनाको लक्ष्य, सहस्राब्दी विकास लक्ष्य र अन्य आर्थिक विकासको लक्ष्यलाई सामन्जस्य गरी यस कम्पनीबाट सन् २०४० सम्ममा देशका विभिन्न स्थानमा निर्माण गरिने प्रसारण लाइनको गुरुयोजना तयार गरी सोही गुरुयोजनाको मर्म बमोजिम ५ वर्षे कर्पोरेट योजना एवं वार्षिक नीति तथा कार्यक्रम योजना तयार गरी कार्यान्वयन गर्ने गरिएको छ ।

कम्पनीले भविष्यमा आवश्यकता अनुसार विद्युतीय ऊर्जा राष्ट्रिय ग्रिड प्रणाली मार्फत प्रवाह गरी सुरक्षित, गुणस्तरीय र सहज विद्युत आपूर्ति सुनिश्चित सहित देशको आर्थिक विकासमा टेवा पुऱ्याउनेमा विश्वस्त रहेको कुरा सगौरव प्रस्तुत गर्न चाहन्छु ।

कम्पनीको संस्थागत उपस्थितिको सन्दर्भमा नेपाल सरकारको (विभिन्न ८ मन्त्रालयको प्रतिनिधित्व हुने गरी) ५२ प्रतिशत र नेपाल विद्युत प्राधिकरणको ४८ प्रतिशत शेयर लगानी रहेको छ । जसको विस्तृत विवरण तालिकामा दिईएको छ ।

तालिका-१: कम्पनीको विवरण

दर्ता विवरण	मिति	दर्ता नं.
कम्पनीको स्थापना (कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता)	२०७२/०३/२७	१३६९०१/०७१/७२
आन्तरिक राजश्व कार्यालयमा दर्ता	२०७३/१०/१३	६०५६७७५२४
कारोबार स्वीकृति (कम्पनी रजिष्ट्रारको कार्यालयबाट)	२०७३/११/१८	
संस्थागत शेयरधनी	क. नेपाल सरकारको तर्फबाटः १. श्री अर्थ मन्त्रालय २. श्री ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय ३. श्री रक्षा मन्त्रालय ४. श्री गृह मन्त्रालय ५. श्री वन तथा वातावरण मन्त्रालय ६. श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालय ७. श्री भूमि व्यवस्थापन, सहकारी तथा गरिबी निवारण मन्त्रालय ८. श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय ख. नेपाल विद्युत प्राधिकरण	

१.२. कम्पनीको सोच, गन्तव्य, उद्देश्य र मूल्य/मान्यताहरुः

(क) सोच (Vision):

देशभर विद्युतीय उर्जामा पहुंच हुने गरी पर्याप्त प्रसारण संजालको प्रत्याभूति सहित विश्वस्तरीय प्रसारण कम्पनीको रुपमा रुपान्तरण हुने ।

(ख) गन्तव्य (Mission):

सवल र प्रभावकारी ग्रिड मार्फत भरपर्दो विद्युत प्रसारण सेवा प्रदान गरी देशको आर्थिक विकासमा टेवा पुऱ्याउने ।

(ग) उद्देश्य (Objectives):

कम्पनीको प्रवन्धपत्रको दफा ४ मा उल्लेख गरिए अनुसार कम्पनीको प्रमूख उद्देश्य यस प्रकार रहेको छः

- जलविद्युत उत्पादकहरुबाट उत्पादन गरेको विद्युत आपूर्ति गर्न ट्रान्समिशन पूर्वाधार विकास गर्ने ।

- ट्रान्समिशन ग्रिड प्रयोगकर्ताहरुसँग ब्हिलिङ्ग चार्ज (Wheeling Charge) तथा नियामक निकायद्धारा र्निधारित रोयल्टी सङ्कलन गर्ने ।
- ट्रान्समिशन लाइन, सवस्टेशन र भार सम्प्रेषण केन्द्रहरुको निर्माण, विस्तार र आधुनिकीकरण गर्ने ।
- हाइड्रोपावर योजनाहरुको स्थान र भार सम्प्रेषण केन्द्रहरुलाई दृष्टिगत गरी पूर्व-पश्चिम राजमार्गमा आधारित र उत्तर-दक्षिण नदी प्रणालीहरुमा आधारित ट्रान्समिशन ग्रिड विकास गर्ने ।
- ट्रान्समिशन प्रणालीको लेखापरीक्षण (Audit) र वास्तविक सञ्चालन व्यवस्थापन (Real Time Operation) को जिम्मेवारी लिने ।
- ग्रिड प्रणालीको मूल्यांकन, अनुगमन र नियन्त्रण गर्ने ।

(घ) **मूल्य/ मान्यताहरु (Core Values):**

- संस्थागत सुशासन
- उत्तरदायित्व
- पारदर्शिता एवं जवाफदेहिता
- वातावरण, स्वस्थ्य र सुरक्षा
- रचनात्मक एवं खोजमूलक सोच

१.३. कम्पनीको पुंजीगत संरचनाः

यस कम्पनीको अधिकृत पुँजी रु. २५ अर्ब र जारी पुँजी रु. १० अर्ब रहेको छ । सो पुँजीलाई रु. १००।- दरका साधारण शेयरमा विभाजन गरिएको छ । कम्पनीको २०७९ आषाढ मसान्तसम्मको पुँजीको संरचना निम्न अनुसार रहेको छः

तालिका-२: कम्पनीको पुँजी संरचना

अधिकृत पुँजी	रु.२५ अर्ब
जारी पुँजी	रु. १० अर्ब
चुक्ता पुँजी	रु. ३ अर्ब ५४ करोड

नोटः नेपाल सरकारबाट विनियोजित शेयर बापत प्राप्त रु. ७७ करोड ६८ लाख बाँडफाँड हुन बाँकी रहेको ।

१.४. पुँजीगत शेयर स्वामित्वः

बाँडफाँड भएको शेयर वापतको विवरण देहाय बमोजिम रहेको छ ।

तालिका-३: शेयर विवरण

शेयरधनी संस्थाको नाम	जम्मा माग गरिएको शेयर रकम (रु.)	हालसम्म चुक्ता भएको रकम (रु.)	चुक्ता हुन बाँकी रकम (रु.)
अर्थ मन्त्रालय	७४ करोड ४५ लाख ३३ हजार ८ सय	७४ करोड ४५ लाख ३३ हजार ८ सय	छैन
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रलय	१ अर्ब ६२ करोड ८६ लाख ६७ हजार ६ सय	१ अर्ब ६२ करोड ८६ लाख ६७ हजार ६ सय	छैन
रक्षा मन्त्रालय	१८ करोड ६१ लाख ३३ हजार १ सय	१८ करोड ६१ लाख ३३ हजार १ सय	छैन
गृह मन्त्रालय	१८ करोड ६१ लाख ३३ हजार १ सय	१८ करोड ६१ लाख ३३ हजार १ सय	छैन
वन तथा वातावरण मन्त्रालय	१८ करोड ६१ लाख ३३ हजार १ सय	१८ करोड ६१ लाख ३३ हजार १ सय	छैन
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय	१८ करोड ६१ लाख ३३ हजार १ सय	१८ करोड ६१ लाख ३३ हजार १ सय	छैन
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय	१८ करोड ६१ लाख ३३ हजार १ सय	१८ करोड ६१ लाख ३३ हजार १ सय	छैन
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय	१८ करोड ६१ लाख ३३ हजार १ सय	१८ करोड ६१ लाख ३३ हजार १ सय	छैन
नेपाल विद्युत प्राधिकरण	३ अर्ब २५ करोड ७३ लाख ३३ हजार १ सय	५ करोड	३ अर्ब २० करोड ७३ लाख ३३ हजार १ सय
जम्मा	६ अर्ब ७४ करोड ७३ लाख ३३ हजार १ सय	३ अर्ब ५४ करोड	३ अर्ब २० करोड ७३ लाख ३३ हजार १ सय

२. आर्थिक वर्ष २०८०/८१ को कारोबारको सिंहावलोकनः

आर्थिक वर्ष २०८०/८१ मा यस कम्पनीका आर्थिक गतिविधिहरुको तथ्य शेयरधनी महानुभावहरुलाई उपलब्ध गराईएको लेखापरीक्षण पश्चातको वित्तीय विवरणबाट जानकारी हुने नै छ । यस कम्पनीको आर्थिक वर्ष २०८०/८१ को मुख्य वित्तीय सूचकाङ्क देहाय अनुसार रहेको छः

२.१. सम्पत्ति तथा दायित्वः

यस कम्पनीको आर्थिक वर्ष २०८०/८१ को अन्तिम लेखा परीक्षणको वासलातमा उल्लेखित सम्पत्ति तथा दायित्व यसप्रकार रहेको छः

तालिका-४: सम्पत्ति तथा दायित्व

क्र.सं.	विवरण	आ.व.२०७९/८० (रु.)	आ.व.२०८०/८१ (रु.)
१	शेयर पूँजी तथा जगेडा कोष	४,३३,२५,७०,४४४।-	४,३९,६९,८७,२२३।-
२	बाँडफाँड नभएको शेयर रकम	५०,००,००,०००।-	७७,६८,००,०००।-
३	कुल सम्पत्ति	४,९३,६९,७३,७३८।-	५,५७,२९,८२,९६४।-
४	बैंक मौज्दात	१,२०,२५,०४,५००।-	२,६९,३९,०८,२९८।-
५	कुल आम्दानी	२८,५८,६७,५००।-	१३,०३,६१,३३२।-
६	कुल खर्च	४,९५,७०,०००।-	५,४६,२६,१४७।-
७	सञ्चालन नाफा (कर अघि)	२३,६२,९७,५००।-	७,७२,६१,५४२।-
८	खुद मुनाफा (कर पछि)	१८,९१,४८,०००।-	६,०५,९९,४५८।-

२.२. **कम्पनीको वित्तीय अवस्था र हाल सम्मको खर्चः**

कम्पनी स्थापना भई सञ्चालनमा आएको केही वर्ष मात्र भएकाले उद्देश्य अनुरुप विद्युत प्रसारण गरी आय आर्जन गर्न केही समय पर्खनु पर्ने अवस्था छ । तर, आ.व. २०८०/८१ मा कम्पनीलाई बैंकको मौज्दातबाट प्राप्त ब्याज रु. १२,९०,७४,०००।- आम्दानी भएको छ । सोही अवधिमा कम्पनीको सञ्चालन खर्च रु. १,६८,२१,०००।- रहेको छ ।

२.३. **व्यवस्थापन खर्चको अवस्थाः**

आ.व. २०८०/८१ मा भएको कुल व्यवस्थापन खर्चको विवरण निम्नानुसार रहेको छ ।

तालिका-५: व्यवस्थापन खर्च

क्र.सं.	विवरण	आ.व.२०७९/८० (रु.)	आ.व.२०८०/८१ (रु.)
१	कर्मचारी खर्च	१,९०,६५,०४५.७४	२,३९,१५,०९४।-
२	प्रशासनिक खर्च	१,३५,७०,०३०.१८	१,६८,२१,०००।-
कुल		३,२६,३५,०७५.९२	४,०७,३६,०९४।-

२.४. **पुँजीगत खर्चको अवस्थाः**

आ.व. २०८०/८१ सम्ममा भएको कुल पुँजीगत खर्चको विवरण निम्नानुसार रहेको छ ।

तालिका-५: पुँजीगत खर्च

क्र.सं.	विवरण	आ.व.२०७९/८०(रु.)	आ.व.२०८०/८१(रु.)
१	पूँजीगत खर्च	८५,१८,५७,०००।-	१,८४,६२,०२,०००।-

३. **कम्पनीको स्वीकृत प्राप्त आयोजनाहरुको संक्षिप्त जानकारी तथा हालसम्मको प्रगतिः**

यस कम्पनीबाट कार्यान्वयनमा रहेका १० वटा आयोजनाहरू मध्ये ३ वटा आयोजनाहरु निर्माणका चरणमा, ४ वटा आयोजनाहरु वित्तीय स्रोत सुनिश्चितता भएमा निर्माणमा जाने र बाँकी आयोजनाहरु इञ्जिनियरिङ्ग डिजाइन र वातावरणीय प्रभाव अध्ययनका विभिन्न चरणमा छन् । उक्त आयोजनाहरुको विवरण तालिका नं. ६ मा प्रस्तुत गरिएको छ ।

तालिका-६: आयोजनाहरुको आ.व. २०८०/८१ को प्रगति विवरण

क्र. सं.	आयोजनाको नाम	अनुमति पत्र प्राप्त मिति		हालको अवस्था	वित्तीय प्रगति	भौतिक प्रगति
		सर्वेक्षण	विद्युत प्रसारण			
१	कर्णाली कोरिडोर ४०० के. भी.	२०७४/०२/१४	२०७९/०५/३१	निर्माणाधीन	९६.७	९८.९
२	भेरी कोरिडोर ४०० के. भी.	२०७५/११/२६		निर्माणका लागि तयार (वित्तीय स्रोत भारतीय एक्जिम बैंकबाट व्यवस्था गरिने)	७४.३	९४.४
३	हाईटार-सितलपाटी (अरुण कोरिडोर) ४०० के. भी.	२०७४/१२/०१	आवेदन गरिएको	पूर्व निर्माणका कार्यहरु सम्पन्न भएको (वित्तिय स्रोत सुनिश्चितता हुन बाँकी)	८४.०	९८.७
४	पश्चिम सेती कोरिडोर ४०० के. भी.	२०७४/०७/१५		पूर्व निर्माणका कार्यहरु अन्तिम चरणमा रहेको (वित्तीय स्रोतको लागि भारतीय एक्जिम बैंकमा आवेदित)	५८.१	९२.५
५	तमोर कोरिडोर २२० के. भी.	२०७४/१२/२७		पूर्व निर्माणका कार्यहरु सम्पन्न भएको (वित्तिय स्रोत सुनिश्चितता हुन बाँकी)	१६.६	७०.४
६	मेवा-चाँगे (ढुङ्गेसाँघु) १३२ के. भी.	२०७५/०३/२७	२०७८/११/०३	निर्माणाधीन	६०.९	७२.०
७	दरौंदी कोरिडोर १३२ के. भी.	२०७६/०१/२२	२०७८/११/०३	निर्माणाधीन	४३.३	६७.८
८	लामाबगर-बाह्रबिसे २२० के.भी.	२०७८/०७/२५		विस्तृत इञ्जिनिरिङ्ग र वातावरणीय अध्ययन भै रहेको ।	१५.५	६९.३
९	सितलपाटी-ढुंगेसाँघु २२० के.भी.	२०७९/०७/२८		विस्तृत इञ्जिनिरिङ्ग र वातावरणीय अध्ययन भै रहेको ।	-	१०
१०	अन्य आयोजनाहरु (हुम्ला-फुकोट ४०० के.भी.)	लिने प्रकृयामा				

उपरोक्त अनुमति प्राप्त आयोजनाहरुको हालसम्मको प्रगति विवरण यस प्रकार रहेको छः-

३.१ कर्णाली कोरिडोर ४०० के. भी. प्रसारण लाईन आयोजना

(क) आयोजनाको उद्देश्यः

यस प्रसारण लाइन आयोजना कर्णालीको रेगिंल (कालिकोट) बाट सुरु भई बेतन (सुर्खेत) र दोदोधारा (कैलाली) हुँदै नेपाल-भारत सिमानामा अवस्थित कर्मदिव सम्म रहेको छ । यसको कुल लम्बाई १२५ कि.मि. र यस अन्तर्गत फुकोट, बेतन, दोदोधारामा नयाँ ४००/१३२/३३ के.भी. का ३ वटा सबस्टेशनहरु रहने छन् । यस आयोजनाको निर्माण कार्यबाट फुकोट कर्णाली, मुगु-कर्णाली, तिला जलविद्युत आयोजनाहरुबाट कुल उत्पादित करिब २२०० मे.वा. विद्युत राष्ट्रिय प्रसारण प्रणालीमा आवद्ध गरी राष्ट्रको विद्युत मागलाई सम्बोधन गर्ने तथा विद्युत निर्यात गर्ने मुख्य उद्देश्य रहेको छ।

(ख) आयोजनाको कार्यक्रम तथा प्रगतिः

आ.व. २०८०/८१ मा बोलपत्र मार्फत प्रसारण लाईन निर्माणकर्ताको छनौट, निर्माणकर्तासंग ठेक्का सम्झौता भई कार्य स्थलमा थप ईन्जीनीयरिङ्ग डीजाईन कार्य अन्तर्गत ठेक्का सम्झौता अनुरुप फुकोट-बेतन-दोदोधाराको मुढे सम्मको कुल ९६ कि.मि. प्रसारण लाईनको चेक सर्भे, Tower Spotting/Scheduling कार्य सम्पन्न भएको, टावरको डिजाइन अन्तर्गत DB, DC को डीजाईन कार्य सम्पन्न भई DD टावरहरुको डीजाईन कार्य अन्तिम चरणमा रहेको, आयोजनाको निर्माण कार्य सुचारु गर्न करिब ४० वटा टावरको निर्माण सामग्री दुबानी गर्न सम्पूर्ण कार्यहरु सम्पन्न भई Conductor, Hardware र fitting को Test (प्रथम लट) सम्पन्न भै आयातको प्रक्रियामा रहेको । टावरप्याडहरुको माटो परीक्षणकार्य अन्तर्गत कैलाली, सुर्खेत र अछाम जिल्लामा गरि करिब १२५ ओटा टावर प्याडहरुको माटो परीक्षणकार्य सम्पन्न भई कालिकोट जिल्लामा सुरु भएको, टावरहरुको जग निर्माणको लागि जग्गा अधिग्रहण कार्यको लागि सुर्खेत तथा कैलालीमा मुआब्जा निर्धारण कार्य सम्पन्न भई सूचना प्रकाशित भएको, भैरहेको र मार्ग अधिकार क्षेत्र (RoW) भित्रको जग्गा पहिचान कार्य सम्पन्न पश्चात टावर प्याडको जग्गा अधिग्रहण गरी जग निर्माणको शिलान्यास समेत भैसकेको छ ।

३.२ भेरी कोरिडोर ४०० के. भी. प्रसारण लाईन आयोजना

(क) आयोजनाको उद्देश्यः

आयोजना अन्तर्गत त्रिवेणी देखि दानीपीपल हुँदै मैनताडा सम्म कुल ११० कि.मि. प्रसारण लाईन तथा त्रिवेणी, नलगाड (दानीपिपल), मैनताडामा सबस्टेशनहरुको निर्माण कार्य गरी ठुली भेरी, जगदुल्ला खोला, दुनाई खोला, नलगाड, जल्दीगाड, भेरी-२, भेरी-३, भेरी बबई डाईभर्सन जस्ता आयोजनाहरुबाट उत्पादित करिब २२०० मे.वा. विद्युत राष्ट्रिय प्रसारण प्रणालीमा आवद्ध गर्ने।

(ख) आयोजनाको कार्यक्रम तथा प्रगतिः

आ.व. २०८०/८१ सम्ममा विस्तृत इञ्जिनियरिङ्ग तथा वातावरणीय अध्ययन र निर्माण बोलपत्र सम्बन्धी कागजातको तयारी समेत सम्पन्न भएको छ । निर्माणको लागि वित्तीय स्रोतको सुनिश्चितता अर्थ मन्त्रालय मार्फत भारतीय एक्जिम बैंकमा अनुरोध भएकोमा यस आयोजनाको लागि एक्जिम बैंकबाट लगानिको सुनिश्चितताको निर्णयको जानकारी समेत प्राप्त भएको तथा कम्पनीबाट आयोजनाको प्राबिधिक प्रतिबेदन निर्णयको लागि भारतीय एक्जिम बैंकमा पेश भएको छ । एक्जिम बैंक/भारतीय सरकारबाट

ऋण सम्झौता पश्चात निर्माणको लागि विडिंग कार्य तुरुन्त अगाडी बढाउने गरी तयारी गरिएको । समग्रमा आयोजनाले सन्तोषजनक प्रगति हासिल गरेको छ ।

यस आ.व. २०८१/८२ मा आयोजना अन्तर्गत निर्माण हुने मैनताडा सबस्टेशनको लागि आबश्यक जग्गा अधिग्रहण कार्य सम्पन्न गरी केहि सिभिल निर्माण कार्य समेत गर्ने लक्ष्य राखिएको र निर्माणको वित्तीय व्यवस्था हुन ढिलाई भएकोले निर्माणको कार्य सुरु हुन नसकी आयोजनाको प्रगतिमा केही कमि हुन गएको छ ।

३.३ अरुण कोरिडोर ४०० के. भी. प्रसारण लाईन आयोजना

(क) आयोजनाको उद्देश्यः

यस आयोजना अन्तर्गत किमाथांका हाईटार देखि सितलपाटी हब सम्म कुल ३५ कि.मि. प्रसारण लाईन तथा हाईटारमा नयाँ ४००/१३२ के.भी. को सबस्टेशन निर्माण गर्ने र निर्माणाधीन २२०/१३२ के.भी. अरुण हब (शीतलपाटी) सबस्टेशनलाई ४०० के.भी. मा स्तरोन्नति गरी माथिल्लो अरुण कोरिडोरका करिब २२०० मे.वा. विद्युत राष्ट्रिय प्रसारण प्रणालीमा आवद्ध गर्ने ।

(ख) आयोजनाको कार्यक्रम तथा प्रगतिः

यस आयोजनाको विस्तृत अध्ययन यस अघि नै सम्पन्न भएको र आ.व. २०८०/८१ मा वातावरणीय अध्ययन सम्पन्न भएको र हाईटार सबस्टेशनको जग्गा भित्र परेका घर टहराको क्षतिपूर्ति वितरण कार्य सम्पन्न भएको छ । साथै प्रसारण लाईन निर्माणको लागि प्रसारण अनुमतिपत्र प्राप्त भएको, बोलपत्र कागजातहरु तयार भई वित्तीय श्रोत सुनिश्चितताको लागि योजना आयोग तथा अर्थ मन्त्रालयमा अनुरोध गरिएको र सो सुनिश्चितता प्राप्त भए पश्चात निर्माणको प्रकृया सुरु गर्ने तयारीमा छ । यस आयोजनाले उल्लेख्य प्रगति हासिल गर्न सफल भएको छ ।

यो आयोजना मकालु संरक्षण क्षेत्र भित्र पर्न गई वातावरणीय अध्ययन कार्यमा ढिलाई हुन गएको र आयोजना निर्माणको वित्तीय श्रोत सुनिश्चित भै नसकेको कारणले निर्माण बोलपत्र आह्वान हुन नसकि आयोजनाको प्रगतिमा केही कम हुन गएको ।

३.४ पश्चिम सेती कोरिडोर ४०० के. भी. प्रसारण लाईन आयोजना

(क) आयोजनाको उद्देश्यः

आयोजना अन्तर्गत बझांगको चैनपुर देखि पश्चिम सेती (बनलेक) सम्म ६० कि.मि., बनलेक देखि दैजी सम्म ७५ कि.मि. र बनलेक हुँदै दोदोधारा सम्म ८६ कि.मि. गरी कुल २२१ कि.मि. ४०० के.भी. प्रसारण लाईन एवं चैनपुर र पश्चिम सेती (बनलेक) मा नयाँ ४००/१३२/३३ के.भी. का २ वटा सबस्टेशनहरुको निर्माण गरी पश्चिम सेती, सेती नदी र पञ्चेश्वर आयोजनाहरुबाट उत्पादित करिब २२०० मे.वा. विद्युत राष्ट्रिय प्रसारण प्रणालीमा आवद्ध गरी राष्ट्रको आन्तरिक विद्युत मागलाई सम्बोधन गर्ने तथा अतिरिक्त विद्युत निर्यात गर्ने ।

(ख) आयोजनाको कार्यक्रम तथा प्रगतिः

यस अवधिमा विस्तृत अध्ययन कार्य अन्तर्गत बझांग-बनलेक तथा बनलेक-दैजी सम्मको प्रसारण लाईनको इञ्जिनियरिङ्ग र वातावरणीय अध्ययन कार्य सम्पन्न भएको, थप बनलेक-दोदोधारा खण्डको

इञ्जिनियरिङ्ग र वातावरणीय अध्ययन कार्य अन्तर्गत विस्तृत अध्ययन सम्पन्न भएको एवं वातावरण प्रभाव अध्ययनको सार्वजनिक सुनुवाई सम्पन्न भएको छ । सबस्टेशनहरु निर्माणको लागि आवश्यक चैनपुरमा २९० रोपनी र बनलेकमा १३८ रोपनी जग्गा अधिग्रहण कार्य सम्पन्न भएको छ । साथै आयोजना निर्माणको वित्तीय स्रोत सुनिश्चिततको लागि भारत सरकार एक्जिम बैंकबाट सहुलियतपूर्ण ऋणको स्वीकृतिको चरणमा रहेको छ । सो ऋण सम्झौता पश्चात शीघ्र निर्माण कार्य शुरु गर्ने गरी तयारी अवस्थामा रहेको छ । यसरी आयोजनाले सन्तोषजनक प्रगति हासिल गर्न सफल रहेको छ ।

चैनपुर सबस्टेशन निर्माणको जग्गाको अधिग्रहणको लागि उल्लेख्य बजेट बिनियोजन भएकोमा सो जग्गा (सरकारी स्वामित्वको जग्गा) लिजमा प्राप्त छ ।

३.५ तमोर कोरिडोर २२० के. भी. प्रसारण लाईन आयोजना

(क) आयोजनाको उद्देश्यः

आयोजना अन्तर्गत तमोर हब (मार्गेम) देखि चाँगे (ढुंगेसाँगु) सम्म कुल ३२ कि.मि. प्रसारण लाईन तथा तमोर हब (मार्गेम) मा नयाँ २२० के.भी. को सबस्टेशन निर्माण गरी तमोर, घुन्सा, सिम्बुवा खोला जस्ता आयोजनाहरुबाट उत्पादित करिब ७०० मे.वा. विद्युत राष्ट्रिय प्रसारण प्रणालीमा आवद्ध गर्ने ।

(ख) आयोजनाको कार्यक्रम तथा प्रगतिः

यस आयोजनाको प्रसारण लाईनको इञ्जिनियरिङ्ग कार्य यस अघि नै सम्पन्न भएकोमा आ.व. २०८०/८१ मा सबस्टेशन डिजाईन कार्य सम्पन्न भएको तथा वातावरणीय अध्ययन कार्य सम्पन्न गरी सो स्वीकृतिको लागि विद्युत विकास विभागमा पेश गरिएको छ । यस आयोजना निर्माणको लागि सार्वजनिक, निजी साझेदारी अन्तर्गत हुने गरी निर्माण प्रकृयामा जान आवश्यक पूर्व तयारी समेत गरिएको छ । सो सँग सम्बन्धित आयोजना निर्माणको लागि बोलपत्रको कागजात समेत तयार गरी वित्तीय स्रोतको व्यवस्था पश्चात निर्माणको बोलपत्र आह्वानको तयारीको अवस्थामा रहेको छ ।

आ.व. २०८१/८२ मा वातावरणीय अधययन सम्पन्न गरी प्रसारण लाईन निर्माण कार्यको निर्माण कार्य आरम्भ गर्ने योजना भएकोमा सो आयोजना कञ्चनजङ्घा संरक्षण क्षेत्र भित्र पर्ने हुँदा वातावरणीय अध्ययन कार्यमा ढिलाई हुन गएको र आयोजना निर्माणको वित्तीय श्रोत सुनिश्चित भै नसकेको कारणले निर्माण बोलपत्र आह्वान हुन नसक्दा अपेक्षित प्रगति नभएको ।

३.६ मेवा कोरिडोर १३२ के. भी. प्रसारण लाईन आयोजना

(क) आयोजनाको उद्देश्यः

आयोजना अन्तर्गत पापुंग सबस्टेशन देखि ढुंगेसाँघु सबस्टेशनसम्म कुल २० कि.मि. प्रसारण लाईन तथा पापुंग सबस्टेशनको निर्माण गरी मेवा खोला, पालुन खोला, सोना खोला, शिवा खोलाहरुका जलविद्युत आयोजनाहरुबाट उत्पादित करिब १७५ मे.वा. विद्युत राष्ट्रिय प्रसारण प्रणालीमा आवद्ध गर्ने।

(ख) आयोजनाको कार्यक्रम तथा प्रगतिः

यस आयोजनाको प्रसारण लाईन निर्माण तर्फ टावरप्याडले ओगट्ने जग्गा अधिग्रहणको मुआब्जा निर्धारण कार्य सम्पन्न भई हाल सम्म ६२ मध्ये ३२ स्थानको जग्गा अधिग्रहण सम्पन्न भैसकेको, चैत महिनामा टावर निर्माण कार्यको शिलान्याश भई १३ वटा टावर निर्माण कार्य भैरहेको २७ वटा टावर निर्माण गर्न उपलव्ध गराइएको र बाँकी टावरले ओगट्ने क्षेत्रको जग्गा प्राप्तिको प्रकृयामा रहेको छ ।

प्रसारण लाईनको निर्माणको लागि टावर लगायतका सामानहरुको आयात भएको, प्रणाली अध्ययनसँग सम्बन्धित सफ्टवयर खरिद गरी तालिम संचालन सम्पन्न भएको, वातावरण प्रभाव न्यूनिकरण सम्बन्धी कार्यक्रम शुरु भएको, रुख कटानको लागि सम्बन्धित वन विभागमा कार्य अघि बढि सकेको, वातावरण प्रभाव न्यूनीकरणका लागि आवश्यक EMP तयार गरि सामाजिक उत्तरदायित्व अन्तर्गत प्रशिक्षणको कार्य संचालन भैरहेको हुँदा आ.व. २०८०/८१ मा आयोजनाले सन्तोषजनक प्रगति हासिल गर्न सफल रहेको छ ।

आयोजनाको अपेक्षित प्रगति हुन नसकेको कारणहरु:

- जग्गाको मुआब्जा निर्धारण प्रकृयामा ढिलाई हुन गएको र सार्वजनिक वन क्षेत्रमा पर्ने जग्गामा रुख कटान तथा भोगअधिकारको निर्णयमा समेत ढिलाई भएकोले अपेक्षित प्रगति हुन नसकेको । साथै जग्गा हदबन्दीको कारण जग्गा प्राप्तिमा चुनौती देखिन गएको ।
- हाल ताप्लेजुङ्गमा आएको बाढि पहिरोले काममा रोकावट आएको ।

३.७ दरौंदी कोरिडोर १३२ के. भी. प्रसारण लाईन आयोजना

(क) आयोजनाको उद्देश्यः

आयोजना अन्तर्गत केराबारी देखि मार्किचोक सम्म कुल ३२ कि.मि. प्रसारण लाईनको निर्माण तथा दरौंदीमा नयाँ १३२/३३ के.भी. सबस्टेशन निर्माण गरी दरौंदी र चेपे नदी कोरिडोरका जलविद्युत आयोजनाबाट उत्पादित करिब १५० मे.वा. विद्युत राष्ट्रिय प्रसारण प्रणालीमा आवद्ध गर्ने ।

(ख) आयोजनाको कार्यक्रम तथा प्रगतिः

यस अवधिमा प्रसारण लाईन निर्माण तर्फ टावरप्याडले ओगट्ने जग्गा अधिग्रहणको मुआब्जा निर्धारण कार्य सम्पन्न भई हालसम्म १०७ टावर मध्ये ४७ टावर प्याडको जग्गा अधिग्रहण भैसकेको, चैत महिनामा टावर निर्माण कार्यको शिलान्याश गरी हालसम्म ६३ वटा टावरको निर्माणको कार्य भैरहेको छ । ३८ वटा टावरले ओगट्ने क्षेत्रको जग्गा प्राप्तिको कार्य प्रकृयामा रहेको छ ।

प्रसारण लाईनको निर्माणको लागि टावर लगायतका सामानहरुको आयात भएको, वातावरण प्रभाव न्यूनिकरण सम्बन्धी कार्यक्रम शुरु भएको, रुख कटानको लागि सम्बन्धित वन बिभागसँग समन्वय गरी कार्य अघि बढाईएको छ ।

जग्गाको मुआब्जा निर्धारणको प्रकृयामा ढिलाई हुन गएको र सार्वजनिक वन क्षेत्रमा पर्ने जग्गामा रुख कटान तथा भोगअधिकारको निर्णय सामुदायीक वनबाट प्राप्त नहुँदा अपेक्षित प्रगति हुन नसकेको ।

३.८ लामाबगर बाह्रविसे २२० के. भी. प्रसारण लाईन आयोजना

(क) आयोजनाको उद्देश्यः

यस आयोजना अन्तर्गत लामाबगर देखि बाह्रबिसे सम्म कुल ४५ कि.मि. प्रसारण लाईन तथा लामाबगरमा नयाँ २२० के.भी. को सबस्टेशन निर्माणकार्य गरी ल्याप्चे, छ्यान्ग्दी खोलाहरुका जलविद्युत आयोजनाहरुबाट उत्पादित करिब ५०० मे.वा. विद्युत राष्ट्रिय प्रसारण प्रणालीमा आवद्ध गर्ने रहेको छ ।

(ख) आयोजनाको कार्यक्रम तथा प्रगति :

यस अवधिमा आयोजनाको विस्तृत सर्वेक्षण कार्य सम्पन्न भै प्रसारण लाइनको विस्तृत अध्ययन सम्पन्न भएको, विड डकुमेन्ट तयार गरिएको र वातावरणीय अध्ययन अन्तिम चरणमा रहेको अवस्था छ । यस आयोजना निर्माणको लागि सार्वजनिक, निजी साझेदारी अन्तर्गत हुने गरी निर्माण प्रकृयामा जान आवश्यक पूर्व तयारी समेत गरिएको छ ।

३.९ ढुंगेसाँगु-सितलपाटी २२० के. भी. प्रसारण लाईन आयोजना

(क) आयोजनाको उद्देश्यः

यस आयोजना अन्तर्गत ढुंगेसाँगु देखि सितलपाटी सम्म कुल ५० कि.मि. प्रसारण लाईन तथा ढुंगेसाँगु र सितलपाटीमा २२० के.भी. को लाईन "बे" को निर्माण कार्य गरी राष्ट्रिय प्रसारण प्रणालीमा प्रबाह हुने बिधुतलाई सुद्रिढ गर्ने ।

(ख) आयोजनाको कार्यक्रम तथा प्रगति :

यस अवधिमा सितलपाटी-ढुङ्गेसाँघु २२० के.भी प्रसारण लाईनको विस्तृत सर्वेक्षण तथा जग्गा कित्ताकाट सम्बन्धी कार्य सम्पन्न भएको, आयोजनाको विस्तृत इञ्जिनियरिङ्ग डिजाइन कार्य अन्तर्गत Tower Spotting, BoQ preparation, Cost Estimate तयारी कार्यको लागी प्रस्ताव आह्वान गरिएको छ ।

३.१० हुम्ला- फुकोट ४०० के.भी. प्रसारण लाईन आयोजना

यस आयोजनाको सर्वे लाइसेन्स लिई हुम्ला सवस्टेशनको जग्गा प्राप्तिको लागि नेपाल सरकारबाट प्रारम्भिक जग्गा प्राप्ति अधिकृत तोकिएको छ । यस वर्षदेखि सर्भे कार्य शुरु गरिने छ ।

४. <u>जनशक्ति व्यवस्थापनः</u>

नेपाल सरकारको आर्थिक मितव्ययिताको नीति निर्देशनलाई पूर्ण रुपले पालना गर्दै चालु आ.व. २०८०/८१ मा कम्पनीको स्वीकृत दरबन्दी ७१ जनाको भएको र हालै सञ्चालक समितिको निर्णय बमोजिम जम्मा १३ जना कर्मचारीहरु स्थायी पदपूर्तिको प्रकृयामा रहेको छ । स्वीकृत दरबन्दीमा वार्षिक करारमा विज्ञापन मार्फत नियुक्ति गर्ने व्यवस्था भएको र हाल कम्पनीमा जम्मा ३३ जना (प्राविधिक र प्रशासनिक) कर्मचारीहरु कार्यरत छन् । कार्यरत कर्मचारीहरुको विवरण देहायको तालिकामा उल्लेख गरिएको छ ।

तालिका-७ कः कर्मचारीहरुको विवरण केन्द्रीय कार्यालय तर्फ

क्र.सं.	कर्मचारीको पद	स्वीकृत दरबन्दी संख्या	हाल कार्यरत कर्मचारी संख्या
१	प्रमुख कार्यकारी अधिकृत		१
२	कम्पनी सचिव		१
३	अधिकृत तह	४८	१७
४	सहायक तह	११	५
५	कार्यालय सहयोगी	४	२
६	सवारी चालक	८	६
जम्मा		**७१**	३२

तालिका-७ खः कर्मचारीहरुको विवरण आयोजना कार्यालय तर्फ

क्र.सं.	कर्मचारीको पद	स्वीकृत दरबन्दी संख्या	हाल कार्यरत कर्मचारी संख्या
१	अधिकृत तह	९	२
२	सहायक तह	१४	१
३	कार्यालय सहयोगी	४	१
४	सवारी चालक	४	२
जम्मा		**३१**	**६**

५. संस्थागत विकास तथा सुशासनः

कम्पनीको लक्ष्य तथा उद्देश्यहरु परिपूर्तिको लागि संस्थागत विकास तथा यसमा संलग्न जनशक्तिहरुको क्षमता विकास तथा उच्च मनोवल अत्यन्त आवश्यक छ । यसको लागि पारदर्शिता, नैतिकता, इमान्दारिता, जवाफदेहिता, उत्तरदायित्व र नियम कानूनको परिपालना जस्ता आधारभूत तथ्यहरुलाई उच्च महत्वका साथ पालना गरी सुशासन कायम गर्ने दिशामा कम्पनी उन्मुख छ ।

कम्पनी ऐन, २०६३ र कम्पनीका प्रवन्धपत्र एवं नियमावलीले सञ्चालक समिति, सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने पदाधिकारीहरु र प्रमुख कार्यकारी अधिकृतको काम, कर्तव्य र अधिकार तोकिदिएको छ । कर्मचारी सेवा, शर्त तथा सुविधा सम्बन्धी विनियमावली, २०७४ ले कम्पनीमा कार्यरत कर्मचारीहरुको आचार संहिता निर्धारण गरेको छ ।

कम्पनी ऐन, २०६३ र कम्पनीको विनियमावलीले लेखापरीक्षण समितिको गठन, काम, कर्तव्य तथा अधिकार सम्बन्धी व्यवस्था गरिदिएको छ । आर्थिक प्रशासन विनियमावली, २०७४ एवं खरिद विनियमावली, २०८१ अनुरुप कम्पनीको आर्थिक प्रशासन सञ्चालन हुने गरेको छ । कम्पनीको काम कारवाही देशको प्रचलित कानून, कम्पनी रजिष्ट्रारको कार्यालय तथा नियामक निकायहरुबाट समय-समयमा जारी गरिएका नीति एवं निर्देशन बमोजिम पारदर्शी रुपमा सञ्चालन गरिएको छ ।

६. आन्तरिक नियन्त्रण प्रणालीः

कम्पनी सञ्चालनको सिलसिलामा उत्पन्न हुनसक्ने सम्भावित जोखिम न्यूनिकरणको लागि आन्तरिक नियन्त्रणका उपायहरु अवलम्बन गर्न आवश्यक संयन्त्रको व्यवस्था गरिएको छ । कम्पनी ऐन, २०६३

को प्रावधान बमोजिम सञ्चालक समितिबाट लेखापरीक्षण समिति गठन गरिएको छ । यस समितिले कम्पनीको वित्तीय अवस्था, आन्तरिक नियन्त्रण प्रणालीको पर्याप्तता तथा प्रभावकारिता, आन्तरिक तथा बाह्य लेखापरीक्षण प्रतिवेदनबाट प्राप्त सुझावहरुको समीक्षा, कम्पनी ऐनको निर्देशनहरुको पालना भए/नभएको सम्बन्धमा समीक्षा तथा आवश्यक सुधारका लागि मार्ग निर्देशन गर्ने कार्यहरु गर्दै आएको छ । कम्पनीले पारदर्शिता तथा जवाफदेहिता सुनिश्चत गर्न समयमै लेखापरीक्षण सम्पन्न गराउने तथा लेखापरीक्षणको प्रतिवेदन सम्बन्धित समिति र संचालक समितिमा छलफल गर्ने व्यवस्था मिलाएको छ ।

कम्पनीको लेखा नेपाल लेखामान अनुसार राखिएको छ । कम्पनीका आर्थिक क्रियाकलापहरु कम्पनी ऐन, २०६३, सार्वजनिक खरिद ऐन, २०६३, खरिद विनियमसवली, २०८१ र आर्थिक प्रशासन विनियमावली, २०७४ अनुरुप सञ्चालित छन भने कार्यरत कर्मचारीहरुको व्यवस्थापनको लागि कर्मचारी सेवा, शर्त तथा सुविधा सम्बन्धी विनियमावली, २०७४ लागु गरिएको छ । कम्पनीको लागि आवश्यकता अनुसार सञ्चालक समितिको निर्णय/निर्देशानुसार उपसमितिहरु गठन गरी अन्य प्राविधिक र प्रशासन सम्बन्धी कार्यहरु भईरहेका छन् ।

६.१. <u>लेखापरीक्षण समितिः</u>

कम्पनी ऐन, २०६३ को दफा १६४ बमोजिम कम्पनीको आन्तरिक नियन्त्रण प्रणाली, जोखिम व्यवस्थापन, संस्थागत सुशासनको प्रभावकारिता मूल्यांकन गर्नको लागि देहायबमोजिम लेखापरीक्षण समिति गठन भई क्रियाशील छ ।

पदाधिकारी	पद
सञ्चालक श्री सन्तोष श्रेष्ठ	अध्यक्ष
सञ्चालक श्री दीर्घायू कुमार श्रेष्ठ	सदस्य
सि.ए. श्री टि.एन. आचार्य	सदस्य

समितिले कम्पनीको वित्तीय स्थिति, आन्तरिक नियन्त्रण तथा जोखिम व्यवस्थापन प्रणाली, प्रचलित नियम-कानूनहरुको अनुपालन, लेखापरीक्षण कार्यक्रम आदिबारे नियमित समीक्षा गरी व्यवस्थापनलाई आवश्यक सुझाव दिँदै आएको छ ।

आर्थिक वर्ष २०८०/८१ मा लेखापरीक्षण समितिको बैठक ६ पटक बसेको छ भने समितिका पदाधिकारीहरुलाई जम्मा रु. ९० हजार बैठक भत्ता भुक्तानी गरिएको छ ।

६.२. <u>कम्पनीको लेखाः</u>

कम्पनीको लेखा प्रचलित नेपाल लेखामान (Nepal Financial Reporting Standard-NFRS) अनुसार राखिएको छ ।

६.३. <u>लेखापरीक्षकः</u>

कम्पनीको आर्थिक वर्ष २०८०/८१ को अन्तिम लेखापरीक्षण गर्नको लागि महालेखापरीक्षकको कार्यालयबाट नियुक्त हुनुभएका लेखापरीक्षक चार्टर्ड एकाउन्टेन्ट श्री संजय कुमार चौधरीबाट सम्पन्न

भएको छ । कम्पनीबाट लेखापरीक्षण गरे बापत निजलाई पारिश्रमिक रु. १ लाख २० हजार (मु.अ.कर बाहेक) रकम भुक्तानी गरिएको छ ।

७. लेखापरीक्षण प्रतिवेदन उपर सञ्चालक समितिको प्रतिक्रिया:

महालेखापरीक्षकको कार्यालयबाट नियुक्त भई कम्पनीको आठौं वार्षिक साधारण सभाबाट अनुमोदन भएका चार्टर्ड एकाण्टेण्ट श्री संजय कुमार चौधरीले आ.व. २०८०/८१ को लेखाको समयमै लेखापरीक्षण सम्पन्न गर्नु भएको छ । लेखापरीक्षकले औंल्याउनु भएका देयाह बमोजिमको कैफियत तथा सुझावहरुलाई कम्पनीले यथाशीघ्र सम्बोधन गरेको र क्रमश सुधार गर्दै लानेछ । लेखापरीक्षण पश्चात् लेखापरीक्षकबाट प्राप्त प्रतिवेदनमा उल्लेख गरिएका कैफियत, प्रतिक्रिया र सुझावहरु उपर सञ्चालक समितिको बैठकमा छलफल गरी सुधारका लागि व्यवस्थापनलाई निर्देशन दिएको छ ।

८. कम्पनीको औद्योगिक वा व्यावसायिक सम्बन्ध:

कम्पनीले प्रसारण लाइन क्षेत्रसँग सम्बन्धित सबै सरोकारवालाहरुसँग सौहाद्रपूर्ण सम्बन्ध राख्दै आएको छ । समीक्षा वर्षमा कम्पनीले नेपाल सरकार, नेपाल सरकारका विभिन्न निकायहरु, बैंक तथा वित्तिय संस्थाहरु लगायतका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ-संस्थाहरुसँग प्रसारण लाइन क्षेत्रमा के-कसरी लगानी बढाउन सकिन्छ भन्ने विषयमा छलफललाई निरन्तरता दिएको छ ।साथै कम्पनीका विभिन्न प्रसारण लाइन आयोजना अन्तर्गतका सवस्टेशनहरुमा जोडिन आउने कम्पनी जस्तै विद्युत उत्पादन कम्पनी, HIDCL लगायत अन्य जलविद्युत कम्पनीहरुसँग समझदारी पत्र (MOU) गरी कार्य अघि बढाएको छ । कम्पनीले विभिन्न राष्ट्रिय संघसंस्थाहरु, नियमनकारी निकाय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरकारी तथा गैर सरकारी संघसंस्था, कम्पनी, व्यक्ति र कर्मचारीहरुसँग सुमधुर व्यावसायिक सम्बन्ध स्थापित गर्दै आइरहेको छ । यस्ता सम्बन्धहरु कम्पनीको भावी प्रगति र सफलताका लागि उपयुक्त माध्यम हुने विश्वास लिइएको छ ।

९. अन्य कम्पनीमा गरिएको शेयर लगानी:

हाल यस कम्पनीबाट देहायका कम्पनीहरुमा शेयर लगानी गरिएको छः

क्र.सं.	कम्पनीको नाम	रकम (रु.)
१	एनईए इन्जिनियरिङ्ग कम्पनी लिमिटेड	२,५५,००,०००।-
२	नेपाल पावर ट्रेडिङ कम्पनी लिमिटेड	२५,५०,०००।-

१०. संस्थागत सामाजिक उत्तरदायित्व:

व्यावसायसँग सम्वद्ध सरोकारवालाहरुका साथै समाजप्रतिको उत्तरदायित्व (Corporate Social Responsibility) निर्वाह गर्न विभिन्न सामाजिक क्रियाकलापहरुमा आवश्यकता अनुसार कार्य गरिनेछ ।

११. सञ्चालक समिति र सोमा भएको हेरफेरः

११.१.बर्तमान सञ्चालक समितिः

कम्पनीको नियमावलीको नियम २७ बमोजिम नेपाल सरकारको तर्फबाट चार जना, नेपाल विद्युत प्राधिकरणबाट दुई जना, वित्त/व्यवस्थापन र विद्युत प्रसारण विशेषज्ञ १-१ जना गरी दुई जना स्वतन्त्र सञ्चालक र कम्पनीका प्रमुख कार्यकारी अधिकृत सञ्चालक रहने व्यवस्था छ । सोही व्यवस्था अन्तर्गत यस कम्पनीमा हाल निम्न बमोजिम ९ सदस्यीय सञ्चालक समिति रहेको छः

तालिका ९: बहालवाला सञ्चालक समितिका सदस्यहरु

क्र.सं	पद, सञ्चालकको नाम	पद, प्रतिनिधित्व गर्ने संस्था
१	अध्यक्ष, श्री सुरेश आचार्य	सचिव, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
२	सञ्चालक, श्री जीवछ मण्डल	सहसचिव, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
३	सञ्चालक, श्री गोपिकृष्ण कोइराला	सहसचिव, अर्थ मन्त्रालय
४	सञ्चालक, ...	सहसचिव, गृह मन्त्रालय
५	सञ्चालक, श्री कुलमान घिसिङ	कार्यकारी निर्देशक, नेपाल विद्युत प्राधिकरण
६	सञ्चालक, श्री दीर्घायू कुमार श्रेष्ठ,	उपकार्यकारी निर्देशक, नेपाल विद्युत प्राधिकरण
७	स्वतन्त्र सञ्चालक, श्री सन्तोष श्रेष्ठ	वित्त/व्यवस्थापन विशेषज्ञ
८	स्वतन्त्र सञ्चालक, श्री सरद बस्याल	विद्युत विशेषज्ञ
९	सञ्चालक, डा. नेत्र प्रसाद ज्ञवाली	प्रमुख कार्यकारी अधिकृत, रा.प्र.ग्रि.कं.लि.

११.२.सञ्चालक समितिमा भएको परिवर्तनः

आर्थिक वर्ष २०८०/८१ मा कम्पनीको सञ्चालक समितिमा विभिन्न संस्थाको तर्फबाट प्रतिनिधित्व गर्नुभएका केही सञ्चालकहरु विभिन्न कारणबाट परिवर्तन भएको हुँदा सोको विवरण यसप्रकार छः-

तालिका १०: सञ्चालक समितिमा भएको हेरफेर

क्र. सं.	सञ्चालकको नाम	पद	प्रतिनिधित्व गर्ने संस्था	नियुक्ति मिति	यस अघि रहनु भएको पदाधिकारी	कारण
१	श्री सरिता दवाडी	अध्यक्ष	सचिव ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय	०८१/०३/३०	श्री सुशिल चन्द्र तिवारी	निवर्तमान सचिव अवकाश प्राप्त गर्नु भएकोले ।
२	श्री सुशिल चन्द्र तिवारी	अध्यक्ष	सचिव ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय	०८१/०१/०९	सचिव श्री गोपाल प्रसाद सिग्देल	ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयको सचिव पदमा नियुक्त भएकोले ।
३	श्री गोपाल प्रसाद सिग्देल	अध्यक्ष	सचिव ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय	०८०/०९/०१	श्री दिनेशकुमार घिमिरे	निवर्तमान सचिव अवाकश प्राप्त गर्नु भएकोले ।
४	श्री दिनेशकुमार घिमिरे	अध्यक्ष	सचिव ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय	०७९/०७/२२	सचिव श्री सुशिल चन्द्र तिवारी	ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयको (ऊर्जा) सचिव पदमा नियुक्त भएकोले ।

क्र. सं.	सञ्चालकको नाम	पद	प्रतिनिधित्व गर्ने संस्था	नियुक्ति मिति	यस अघि रहनु भएको पदाधिकारी	कारण
५	श्री नवीन राज सिंह	सञ्चालक	सहसचिव ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय	०८०/०६/०४	सहसचिव मधु प्रसाद भेटुवाल	मन्त्रालयबाट पूर्वसञ्चालकको स्थानमा समितिमा प्रतिनिधित्व गर्न तोकिएकोले ।
६	श्री मधु प्रसाद भेटुवाल	सञ्चालक	सहसचिव ऊर्जा,जलस्रोत तथा सिंचाइ मन्त्रालय	०७९/०२/२६	सहसचिव श्री बाबुराम भण्डारी	मन्त्रालयबाट पूर्वसञ्चालकको स्थानमा समितिमा प्रतिनिधित्व गर्न तोकिएकोले ।
७	श्री नारायण प्रसाद रिसाल	सञ्चालक	सहसचिव अर्थ मन्त्रालय	०८१/०१/०९	सहसचिव श्री बाबुराम सुवेदी	निवर्तमान सञ्चालकले अवकाश प्राप्त गर्नु भएकोले ।
८	श्री बाबुराम सुवेदी	सञ्चालक	सहसचिव अर्थ मन्त्रालय	०८०/०३/१९	सहसचिव श्री रघुराम विष्ट	नेपाल सरकारको निर्णय अनुसार पूर्वसञ्चालक अन्यत्र स्थानान्तरण भएको।
९	श्री थानेश्वर गौतम	सञ्चालक	गृह मन्त्रालय	०८०/१०/२९	सहसचिव श्री अनिल कुमार दत्त	कम्पनीको नियमावली २७ मा भएको व्यवस्था बमोजिम सञ्चालक परिवर्तन भएको ।
१०	श्री अनिल कुमार दत्त	सञ्चालक	सहसचिव सञ्चार तथा सूचना प्रविधि मन्त्रालय	०७९/११/२६	सहसचिव श्री भगवान अर्याल	कम्पनीको नियमावली २७ मा भएको व्यवस्था बमोजिम सञ्चालक परिवर्तन भएको ।
११	श्री कुलमान घिसिङ	सञ्चालक	कार्यकारी निर्देशक नेपाल विद्युत प्राधिकरण	०७८/०५/०४	कार्यकारी निर्देशक श्री हितेन्द्रदेव शाक्य	प्राधिकरणबाट पूर्वसञ्चालकको स्थानमा सञ्चालक समितिमा प्रतिनिधित्व गर्न तोकिएकोले ।
१२	श्री दीर्घायू कुमार श्रेष्ठ	सञ्चालक	उपकार्यकारी निर्देशक नेपाल विद्युत प्राधिकरण	०७७/०७/०५	उपकार्यकारी निर्देशक श्री ब्रजभूषण चौधरी	अवकास प्राप्त भई सञ्चालक पद रिक्त रहेकोले ।
१३	श्री सन्तोष श्रेष्ठ	सञ्चालक	वित्त विशेषज्ञ	०७८/०३/१६		
१४	श्री सरद बस्याल	सञ्चालक	विद्युत प्रसारण विशेषज्ञ	०७८/०९/२६		
१५	डा. नेत्र प्रसाद ज्ञवाली	सञ्चालक	प्रमुख कार्यकारी अधिकृत, रा.प्र.ग्रि.कं	०७७/१०/१५	प्रमुख कार्यकारी अधिकृत डा. नेत्र प्रसाद ज्ञवाली	रा.प्र.ग्रि.कं.लि. को प्रमुख कार्यकारी अधिकृतमा पुनः नियुक्त हुनु भएकोले

आर्थिक वर्ष २०८०/८१ मा सञ्चालक समितिको जम्मा १६ बटा बैठक बसेको र कम्पनीको नियमावलीमा व्यवस्था भएबमोजिम सञ्चालक र आमन्त्रित पदाधिकारीहरुलाई बैठक भत्ता वापत जम्मा रु. १०,१४,०००।- (रुपैंया दश लाख चौध हजार मात्र) भुक्तानी गरिएको छ ।

११.३.<u>सञ्चालक तथा पदाधिकारीहरुलाई भुक्तानी गरिएको बैठक भत्ता तथा सुविधाः</u>

आर्थिक वर्ष २०८०/८१ मा विभिन्न समितिको बैठकमा सहभागी हुने सञ्चालक, आमन्त्रित वा सहयोगीहरुलाई देहाय बमोजिमको बैठक भत्ता भुक्तानी गरिएको छः

क) सञ्चालक समितिको बैठक तथा सञ्चालक संलग्न भएको समिति/उपसमितिको बैठकमा उपस्थित सञ्चालक र आमन्त्रित बाह्य विज्ञलाई प्रदान गरिएको बैठक भत्ताः रु. ५,०००/ प्रति व्यक्ति प्रति बैठक

ख) सञ्चालक संलग्न नभएको समिति/उपसमितिको बैठकको सदस्य तथा आमन्त्रित बाह्य विज्ञलाई प्रदान गरिएको बैठक भत्ताः रु. २,५००/ प्रति व्यक्ति प्रति बैठक

ग) सुविधाः सञ्चालकहरुलाई कम्पनीको कामको सिलसिलामा स्वदेश तथा विदेश भ्रमण गर्दा दैनिक खाना तथा बस्ने खर्च कम्पनीको भ्रमण खर्च विनियमावली, २०७४ मा व्यवस्था भएबमोजिम भुक्तानी गरिएको छ । आ.व. २०८०/८१ मा स्वदेश भ्रमणको क्रममा सञ्चालकहरुलाई दैनिक भत्ता वापत रु. ४०,५००।- मात्र खर्च भएको छ ।

१२. <u>कम्पनीको भावी योजनाहरुः</u>

- नेपाल सरकारबाट स्वीकृत प्रसारण प्रणाली गुरु योजना (Transmission System Master Plan) एवं कम्पनीको कर्पोरेट प्लान (Corporate Plan) अनुरुप कार्य गर्ने।
- नेपाल सरकारको नीति तथा कार्यक्रममा उल्लेख गरिए अनुसारका प्रसारण लाइन आयोजनाहरुलाई प्राथमिकताका आधारमा निर्माण गर्ने ।
- प्रसारण प्रणालीको सञ्चालनलाई स्वावलम्बन गराउन व्यावहारिक र वैज्ञानिक ह्वीलिङ चार्ज (Wheeling Charge) निर्धारण गरी लागु गर्ने ।
- प्राथमिकतामा परेका प्रसारण लाइन आयोजनाको वित्तीय स्रोत विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रिय निकायबाट सहुलियत पूर्ण ऋण/लगानीको व्यवस्थापन गर्ने ।
- नेपाल सरकारबाट जारी गरेको नीति, निर्देशन तथा कार्यक्रम अनुसार कम्पनीको लक्ष्य प्राप्तिको लागि कार्यान्वयन गर्दै जाने ।
- नेपाल सरकारको पावर रिफर्म (Power Reform) को नीति अनुरुप यस कम्पनीलाई एक स्वतन्त्र प्रसारण प्रणाली सञ्चालक (Transmission System Owner/Operator) मा बदल्नको लागि ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयको निर्देशन अनुरुप सम्बन्धित निकायहरुसँग आवश्यक पहल गर्ने ।
- देशको समग्र प्रसारण प्रणाली निर्माण, डिजाइन एवं सञ्चालनको लागि विद्युत प्रसारण प्रणालीको विभिन्न एकाईहरुमा एकिकृत मापदण्ड (Unified Standardization) तयार गरी लागु गर्ने ।

- उच्च भोल्टेज प्रणालीको अधिकार क्षेत्र (ROW) सम्बन्धी विद्यमान नीतिलाई सन्तुलित एवं व्यवहारीक कार्ययोजना बनाई आवश्यक परिमार्जन गरी लागु गर्ने ।
- कम्पनीको उद्देश्य प्राप्तिको लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरुसँग सम्पर्क विस्तार गर्दै जाने ।
- संस्थागत क्षमता अभिवृद्धि तथा प्रवर्धनका लागि समय-समयमा विभिन्न तालिम, गोष्ठी, सेमिनार आयोजना गर्दै जाने ।
- कम्पनीका सम्पूर्ण क्रियाकलापहरुलाई छिटो-छरितो, भरपर्दो एवं पारदर्शी बनाउनका लागि उपयुक्त सुचना प्रविधि प्रणालीको व्यवस्थापन गर्ने ।
- संस्थागत सुशासन, पारदर्शिता तथा जवाफदेहिता प्रवर्द्धनका लागि आवश्यक कृयाकलापहरुलाई बढावा दिने ।

१३. <u>कम्पनीको प्रमुख समस्या तथा चुनौतीहरुः</u>

- कम्पनीका प्रसारण लाइनका आयोजनाहरुको पर्याप्त पूँजीको सुनिश्चितता नै प्रमुख समस्या रहेको छ ।
- प्रसारण प्रणाली निर्माणको चरणमा जाँदा क्रमशः लगानी बढाउनु पर्नेमा नेपाल सरकारबाट लगानी संकुचन भै विनियोजित वजेट/लगानी घट्दो क्रममा रहेको ।
- स्रोत सुनिश्चितता भएको र विनियोजित रकम समेत निकासा हुन नसकेको ।
- जग्गा प्राप्ती एवं अधिकार क्षेत्र (Right of Way) सँग सम्बन्धित निजी आवादि जग्गाहरु, सो भित्र रहेका घर, टहरा र अन्य भौतिक संरचना तथा रुख विरुवाहरुको सम्बन्धित जग्गा प्राप्तिको कार्यहरु तथा यसका प्रक्रियाहरुले गर्दा लामो समय व्यतित हुने हुँदा आयोजना कार्यान्वयनमा ढीला हुन सक्ने चुनौतिको रुपमा रहेको छ ।

कम्पनीले आगामी दिनहरुमा उपरोक्त समस्या र चुनौतीहरुलाई नीतिगत रुपमा तथा व्यवस्थापकीय माध्यमबाट समाधानका उपायहरु अवलम्वन गर्नेछ र विद्यमान कमी कमजोरीहरुलाई निराकरण गर्दै सम्भावना र अवसरहरुको उपयोग गर्दै अगाडि बढ्ने छ । साथै कम्पनीको उद्देश्य हासिल गर्न शेयरधनी महानुभावहरुबाट पनि विगतमा जस्तै उपयुक्त सल्लाह, सुझाव र सहयोग प्राप्त भइरहने विश्वास लिएको छु ।

१४. <u>सञ्चालक समितिको मान्यताः</u>

कम्पनीले आगामी दिनहरुमा कम्पनीको लक्ष्य तथा उद्देश्यहरु हासिल गर्न आफ्ना कार्यक्रमहरुलाई कार्यान्वयन गर्ने सन्दर्भमा रणनीतिक योजना सहित कुशल व्यवसायिक पद्धतिको माध्यबाट व्यवस्थापन गर्नेछ । ऊर्जा क्षेत्रको विकास, गुणस्तरीय तथा भरपर्दो सेवा प्रवाहको प्रत्याभूति तर्फ उन्मूख आफ्ना कार्यक्रमहरु तमाम शेयरधनी र लगानीकर्ताहरुको हितलाई समेत मध्येनजर गर्दै सञ्चालन गर्नेछ । त्यसैगरी पारदर्शि कार्यशैली, जवाफदेहिता माध्यमबाट सहभागीतामूलक पद्धति प्रति सञ्चालक समिति सदैव संवेदनशील रहेको र कम्पनी ऐन, २०६३; नेपाल सरकारको परिपत्र, निर्देशिका तथा प्रचलित कानूनको पालना पूर्ण रुपमा गरेको ब्यहोरा समेत सम्मानित सभालाई जानकारी गराउन चाहन्छु ।

१५. <u>धन्यवाद ज्ञापनः</u>

यस कम्पनीको उद्देश्य प्राप्तिका लागि प्रत्यक्ष तथा अप्रत्यक्ष रुपले सहयोग पऱ्याउनु हुने संस्थापक शेयरधनीहरु, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, अर्थ मन्त्रालय लगायत नेपाल सरकारका सम्बन्धित निकायहरु, कम्पनी रजिष्ट्रारको कार्यालय, महालेखापरीक्षकको कार्यालय, विद्युत विकास विभाग लगायतका नियमनकारी निकायहरु तथा स्वदेशी तथा विदेशी संघ संस्थाहरु, कम्पनीका लेखापरीक्षक तथा अन्य सम्बद्ध संघ संस्था एवं सरोकारवालाहरुप्रति हार्दिक कृतज्ञता सहित धन्यवाद व्यक्त गर्दछु । समग्र मार्गदर्शनको लागि माननीय मन्त्रीज्यू, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, कम्पनीको कार्यप्रगतिमा पुऱ्याउनुभएको योगदानका लागि निवर्तमान सञ्चालकहरु, कम्पनीका प्रमुख कार्यकारी अधिकृत लगायत कम्पनीका सम्पूर्ण कर्मचारीहरु र अन्य सहयोगीहरुबाट कम्पनीले निर्धारण गरेको लक्ष्य प्राप्तिका लागि देखाउनुभएको प्रतिबद्धता तथा अथक परिश्रमको सराहना गर्दै धन्यवाद दिन चाहन्छु ।

आगामी दिनमा यहाँहरु सबैबाट विगतमा जस्तै कम्पनीको प्रगतिको लागि रचनात्मक सहयोग, सद्भाव र सुझाव प्राप्त भइरहने छ भन्ने अपक्षा राखेको छु । अन्त्यमा, सभाको छलफलको विषयसूची अनुसारका विषयहरुमा छलफल प्रारम्भ गरी सभाको कारबाही अघि बढाउनको लागि अनुरोध गर्दै आफ्नो मन्तव्य अन्त्य गर्दछु ।

धन्यवाद ।

सञ्चालक समितिको तर्फबाट

अध्यक्ष